मध्य-पश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

मध्य-पश्चिमाञ्चल विश्वविद्यालय

# वैकल्पिक विधिबाट परीक्षा संचालन, व्यवस्थापन र मूल्यांकन प्रणालीसम्बन्धी निर्देशिका २०७७

# विषयसुची


| | |
|---|---|
| प्रस्तावना | १ |
| संक्षिप्त नाम | १ |
| परिभाषा | १ |
| परिच्छेद-१: परीक्षा संचालन प्रक्रियासम्बन्धी व्यवस्था | २-४ |
|     परीक्षा समितिका काम कर्तब्य र अधिकार | ३-४ |
| परिच्छेद-२: परीक्षा फारम र प्रवेश-पत्रसम्वन्धी व्यवस्था | ४ -५ |
| परिच्छेद-३: प्रश्नपत्र सम्वन्धी व्यवस्था | ५ -६ |
| परिच्छेद-४: प्रयोगात्मक र आन्तरिक परीक्षासम्वन्धी व्यवस्था | ६-७ |
| परिच्छेद-५: उत्तरपुस्तिकाको ढाँचा र परीक्षाको समय सीमासम्वन्धी व्यवस्था | ७ |
| परिच्छेद-६: उत्तरपुस्तिका मूल्यांकनसम्वन्धी व्यवस्था | ८ |
| परिच्छेद-७: परीक्षा आचारसंहितासम्वन्धी व्यवस्था | ८ |
| परिच्छेद-८: पारिश्रमिक सम्वन्धीव्यवस्था | ९ |
| परिच्छेद-९: विविध | १० |


मध्य-पश्चिमाञ्चल विश्वविद्यालय

## प्रस्तावना

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस महामारी (COVID-19) ले शिक्षासहित मानव जीवनका हरेक क्षेत्रलाई व्यापक असर गरेको छ।अहिलेको यो कोभिड-१९को महामारीमा लामो समयदेखि विद्यार्थी भौतिक रूपमा उपस्थित भएर परम्परागत ढङ्गले अध्ययन, अध्यापन र परीक्षामा सहभागी हुने अवस्था छैन।यस अवस्थामा शिक्षा क्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्ने उद्देश्य अनुरुप विद्यार्थीको शैक्षिक सत्रलाई लम्बिन नदिनका लागि महामारीको यस विषम परिस्थितिमा वैकल्पिक माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने आवश्यकता देखिन्छ।यही परिस्थितिलाई मध्यनजर गर्दै  विश्वविद्यालय अनुदान आयोग (UGC) को मिति २०७७ आषाढ १९ गते जारी गरिएको "उच्च शिक्षामा वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका २०७७" तथा  मध्य-पश्चिमाञ्चल विश्वविद्यालयको "Digital, Virtual & Alternative Teaching- Learning & Operating Systems Policy Guidelines, 2020"  एवम् "मध्य-पश्चिमाञ्चल विश्वविद्यालय सङ्गठन र शैक्षिक प्रशासन नियमावली २०६९" को नियम ७४ र उप-नियम १८२ बमोजिम मध्य-पश्चिमाञ्चल विश्वविद्यालयले "वैकल्पिक विधिबाट गरिने परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन सम्बन्धी निर्देशिका २०७७" तयार गरी जारी गरिएको छ।अहिलेको महामारीको यस अवस्थामा विद्यार्थीको वैकल्पिक विधिबाट परीक्षा सञ्चालन गर्नका लागि मध्य-पश्चिमाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयले जारी यस निर्देशिकामा विद्यार्थीको परीक्षा  Time Bounded Take-home Written Examination सञ्चालन गर्ने नीति लिएको छ।जसमा विद्यार्थीले आ-आफ्नो इमेलमा परीक्षा केन्द्रबाट प्राप्त गरको प्रश्नपत्रको मौलिक ढंगले उत्तर लेखी आठ घन्टाको समय सीमाभित्र उत्तरपुस्तिकालाई प्रस्ट बुझिने गरी स्क्यान गरेर PDF फाइलमा बदलेर सम्बन्धित परीक्षा केन्द्रको आधिकारिक इमेलमा उत्तरपुस्तिका पठाउनुपर्ने व्यवस्था सहित यो निर्देशिका जारी गरिएको हो।

संक्षिप्त नाम : यस कार्यविधिको नाम "वैकल्पिक विधिबाट परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन प्रणाली सम्बन्धी निर्देशिका २०७७" हुनेछ।

परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) 'वैकल्पिक विधिको परीक्षा' भन्नाले कोभिड-१९ वा यस्तै प्रकारका अन्य विपद वा महामारी र भौगोलिक विकटताका कारण उच्च शिक्षाका विद्यार्थीको नियमति मूल्याङ्कन हुन नसकेको अवस्थामा विद्यार्थी घरमा बसेर सत्रान्त परीक्षाको उत्तर लेखी तोकिएको समय सीमाभित्र सम्बन्धित परीक्षा केन्द्रमा विद्युतीय माध्यमबाट उत्तरपुस्तिका पठाउने परीक्षा विधि भनी सम्झनुपर्छ।

ख) 'परीक्षा संचालन समिति' भन्नाले मध्य-पश्चिमाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयद्वरा प्रकाशित कार्यविधि अनुसारको वैकल्पिक विधिबाट परीक्षा सञ्चालन गर्ने परीक्षा संचालन समिति भनी सम्झनुपर्छ।

ग) 'विद्यार्थी' भन्नाले वैकल्पिक विधिबाट संचालन हुने परीक्षामा सहभागी हुने नियमित र आंशिक विद्यार्थी भनी सम्झनुपर्छ।

घ) 'परीक्षा केन्द्र' भन्नाले वैकल्पिक विधिको परीक्षा सञ्चालन हुने मध्य-पश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गतका केन्द्रीय क्याम्पस, स्कुल, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त कलेजहरुलाई सम्झनुपर्छ।

ङ) 'शैक्षिक संस्था' भन्नाले विद्यार्थीले आफूले अध्ययन गरेको मध्य-पश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गतका केन्द्रीय क्याम्पस, स्कुल, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त कलेजहरुलाई सम्झनुपर्छ।

## परिच्छेद –१

## परीक्षा सञ्चालन प्रक्रिया सम्बन्धी व्यवस्था

वैकल्पिक विधिबाट सञ्चालन गरिने परीक्षा सञ्चालनका लागि देहायबमोजिमका आवश्यक प्रकिया अवलम्बन गरिनेछ:

१. परीक्षा सञ्चालन गर्ने हरेक सङ्कायका केन्द्रीय क्याम्पस/स्कुल/आङ्गिक क्याम्पस र सम्बन्धनप्राप्त कलेजले विभिन्न तह र सेमेस्टर अन्तर्गत विभिन्न विषयहरुमा अध्ययनरत विद्यार्थीहरुको वैकल्पिक माध्यमबाट परीक्षा सञ्चालन गर्न आवश्यक प्राबिधिक पुर्बधारहरू र सफ्टवेरको अनिवार्य व्यवस्था गर्ने।

२. परीक्षा सञ्चालन गरिने हरेक सङ्कायका केन्द्रीय क्याम्पस/स्कुल/आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त कलेजले गुणस्तरीय इन्टरनेट सेवा, वैकल्पिक बिजुलीको व्यवस्था, कम्प्युटर/ल्यापटप, प्रिन्टरको प्रबन्ध गर्नुपर्नेछ।

३. परीक्षामा संलग्न हुने विद्यार्थीहरुको इमेल ठेगाना सम्बन्धित शैक्षिक संस्थाले परीक्षा हुनुभन्दा अगावै लिइएर व्यवस्थित ढङ्गले अभिलेख गर्नुपर्नेछ।

४. मध्यपश्चिमाञ्चल विश्वविद्यालयले यथासक्य हरेक विद्यार्थीलाई संस्थागत इमेल आइ.डी. प्रदान गर्ने र विद्यार्थीहरुले परीक्षामा सोही इमेल आइ.डी. को प्रयोग गर्नुपर्नेछ। यदि संस्थाले इमेल आइ.डी. प्रदान गरिनसकेको खण्डमा विद्यार्थीहरुको व्यक्तिगत इमेल आइ.डी. को प्रयोग गर्नुपर्नेछ।परीक्षाको प्रश्नपत्र विद्यार्थीलाई पठाउँदा र उत्तरपुस्तिका जम्मा गर्दा अनिवार्य रुपले परीक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाको आधिकारिक संस्थागत इमेल आइ.डी. को प्रयोग गर्नुपर्नेछ।

५. सम्पूर्ण विद्यार्थीको उत्तरपुस्तिकाको सुरुको पृष्ठ (Cover Page) प्रश्नपत्रसँगै पठाइएको ढाँचामा भरेर पठाउनु पर्नेछ। उत्तरपुस्तिका पठाउँदा विद्यार्थीले आफूले लेखेको उत्तरको सिलसिला मिलाई त्यसको PDF File मा रूपान्तरण गरी परीक्षाकेन्द्रले निर्धारण गरेको इ-मेल ठेगानामा पठाउनुपर्नेछ।

६. विद्यार्थीलाई प्रश्नपत्र प्रदान गरेको समयदेखि ८ घन्टाभित्र विद्यार्थीले उत्तर लेखी आफ्नो उत्तरपुस्तिका सम्बन्धित परीक्षाकेन्द्रले तोकेको इ-मेल ठेगानामा पठाइसक्नुपर्छ ।तोकिएको समयसीमा नाघी आएका उत्तरपुस्तिकाहरूलाई समावेश गरिने छैन ।

७. परीक्षा व्यवस्थापन कार्यालयले परीक्षाको समय तालिका प्रकाशित गर्नेछ ।

८. वैकल्पिक विधिबाट सञ्चालन गर्ने परीक्षालाई प्रभावकारी बनाउन विश्वविद्यालयका हरेक परीक्षा केन्द्रमा निम्नानुसारको परीक्षा सञ्चालन समिति गठन गर्नेछ :

क) क्याम्पस प्रमुख -संयोजक

ख) सहायक क्याम्पस-प्रमुख -सह-संयोजक

ग) परीक्षा केन्द्र रहने शैक्षिक संस्थाका सम्पूर्ण शिक्षण समिति प्रमुख वा कार्यक्रम संयोजक -सदस्य

घ) परीक्षा व्यवस्थापन कार्यलयले तोकेको एक जना प्रविधि विज्ञ -सदस्य

ङ) समितिको संयोजकले तोकेको सोही परीक्षा केन्द्रमा कार्यरत एकजना -कर्मचारी सदस्य

**९.परीक्षा समितिका काम कर्तव्य र अधिकार :**

वैकल्पिक विधिबाट सञ्चालन गर्ने परीक्षालाई प्रभावकारी बनाउन विश्वविद्यालयका हरेक परीक्षा केन्द्रमा रहने परीक्षा समितिका देहायबमोजिमका काम, कर्तव्य र अधिकार हुनेछन् :

क) वैकल्पिक विधिबाट गरिने परीक्षासम्बन्धी सम्पूर्ण प्राविधिक, सैद्धान्तिक एवम् विषयगत पक्षहरूको व्यवस्थापन एवम् कार्यन्वयन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

ख) परीक्षा सञ्चालनमा संलग्न जनशक्ति शिक्षक, कर्मचारी र विद्यार्थीहरुको लागि वैकल्पिक विधिद्वारा सञ्चालन हुने परीक्षाका बारेमा विद्युतीय माध्यमबाट आवश्यक सल्लाह, सुझाव तथा तालिम प्रदान गर्ने।

ग) परीक्षा व्यवस्थापन कार्यलयबाट पठाएको विद्यार्थी ट्रिप्लिकेटअनुसार विद्यार्थीहरूलाई परीक्षा तालिका बमोजिम हुने परीक्षामा समावेश हुने व्यवस्था मिलाउने ।

घ) परीक्षा सुरु हुनु ५ दिन अगाडि मध्य-पश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गतका सम्पूर्ण क्याम्पस/स्कुल/ कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई परीक्षा सञ्चालन र यस सम्बन्धी आवश्यक सूचना सम्प्रेषण गर्ने ।

ङ) परीक्षा व्यवस्थापन कार्यालयबाट विद्युतीय माध्यमबाट पठाएको प्रश्नपत्रलाई परीक्षा सञ्चालन समितिले परीक्षाको समय तालिका अनुसार परीक्षा शुरु हुनुभन्दा १५ मिनेट अगाडि विद्यार्थीको आधिकारिक इ-मेलमा पठाउने तर विद्यार्थीले इमेल परीक्षाको समय सुरु भएपछि मात्र खोल्न पाउने व्यवस्था मिलाउनुपर्ने ।

च) विद्यार्थीहरुले इ-मेलबाट पठाएका उत्तरपुस्तिकाका आधारमा परिक्षामा उपस्तिथ र अनुउपस्तिथ विद्यार्थीको हाजिरी सहित परीक्षाको समष्टिगत विवरण परीक्षाको ८ घन्टाको समय सिमा समाप्त भएपछी

बढीमा दुई घण्टाभित्र परिक्षा सञ्चालन समिति संयोजकले प्रमाणित गरि परीक्षा व्यवस्थापन कार्यालयको आधिकारिक इमेलमा पठाइसक्नु पर्नेछ ।

छ) इमेलबाट प्राप्त विद्यार्थीका उत्तरपुस्तिकाहरू सङ्कलन गरिसकेपछि विषय अनुसार फोल्डर कायम गरी इ-कपी तयार गर्ने र उक्त इ-कपी र विद्यार्थीको हाजिरीलाई प्रिन्ट गरेर संयोजकको हस्ताक्षर सहित विषय अनुसार पोका बनाएर लाहा छाप लगाई नजिकको प्रहरी चौकीमा लियर राख्नु पर्नेछ ।सम्पूर्ण बिषयको परिक्षा समाप्त भए पश्चात सम्बन्धित परिक्षा केन्द्रले परिक्षा व्यबस्थापन कार्यालयमा बुझाउनु पर्नेछ।तर यसरि संकलन भएका उत्तरपुस्तिका केन्द्रिय क्याम्पसले भोलिपल्ट सिधै  परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउनु सक्नेछन ।

ज) उत्तरपुस्तिकाको पोकाभित्र विद्यार्थीको विवरण (Details of the Content of the Packet) र विद्यार्थी हाजिरी विवरण अनिवार्य पठाउनुपर्नेछ ।

झ) परिक्षा संचालन प्रक्रियाका लागि आबश्यक निर्यणका लागी परिक्षा सन्चालन समितिले आबश्यकता अनुसार बैठक बसी निर्यण गर्न सक्ने छ ।

ञ) परीक्षा सञ्चालन समिति परीक्षा व्यवस्थापन कार्यालयप्रति उत्तरदायी रहनेछ ।

यसरी गठित परीक्षा सन्चालन समितिको काम कारबाहीलाई सम्बन्धित सङ्कायको डीन वा सहायक डीनले प्रत्यक्ष निगरानी गर्नेछन्।परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन परीक्षा सन्चालन समितिलाई आवश्यक सुझाव, सल्लाह तथा निर्देशन दिन  सक्नेछन ।

## परिच्छेद –२

## परीक्षा फारम र प्रवेश-पत्र सम्बन्धी व्यवस्था :

बैकल्पिक बिधिबाट संचालन हुने परीक्षामा विद्यार्थीको परिक्षा फारम र प्रवेश-पत्र सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

१. मध्यपश्चिमाञ्चल विश्वविद्यालयको विभिन्न सङाकायअन्तर्गतका क्याम्पस, स्कुल र कलेजमा अध्ययनरत नियमित र आंशिक परीक्षा दिने विद्यार्थीहरुले परीक्षा व्यवस्थापन कार्यालयको वेभ साइट www.muexam.edu.np वा bit.ly/mu-form लिंकमा राखिएको परीक्षा फारम डाउनलोड गरी त्यसमा भर्नुपर्ने आवश्यक विवरण हातले भरेर आफ्नो फोटो टाँसी सो भरिएको फारमको PDF फाइल तयारी गरि वा स्क्यान गरि muemoskt@gmail.com इमेलमा अपलोड गर्न सक्नेछन।वा परिक्षा फारमका लागि तयार गरिएको यस लिंक bit.ly/mu-online-form मार्फत पनि सिधै परीक्षा फारम भर्न सक्नेछन् ।

मध्य-पश्चिमाञ्चल विश्वविद्यालय

२. विद्यार्थीले मध्यपश्चिमाञ्चल विश्वविद्यालयले तोकेको शुल्क तोकिएको बैङ्क खातामा जम्मा गरेको बैङ्क भौचरको फोटो खिची परीक्षा फारमसँगै पठाउनुपर्ने र पछि सहज परिस्तिथिमा सक्कल भौचर आफ्नो अध्ययन गरेको शैक्षिक संस्थामा अनिवार्य बुझाउनुपर्नेछ ।

३. विद्यार्थीले विद्युतीय माध्यमबाट भरेको परीक्षा फारमलाई सम्बन्धित शैक्षिक संस्थाले विद्यार्थीको नाम अनुसारको बिबरण Alphabetical order मा मिलाई Hard Copy and Soft Copy दुवै तयार गरि परीक्षा व्यवस्थापन कार्यालयमा पठाउनुपर्नेछ।यसरी परीक्षा फारम पठाउँदा अनिवार्य रूपले नियमानुसारको परीक्षा शुल्क एकमुष्ठ परीक्षा व्यवस्थापन कार्यालयमा जम्मा गरेको भौचर पनि साथमै पेश गर्नुपर्नेछ ।

४. परीक्षा व्यवस्थापन कार्यालयमा प्राप्त भएका परीक्षा फारमहरू रुजु गरी ७ दिनभित्र विद्यार्थीहरुको सङ्केत नम्बर (Symbol Number) कायम गरी तयार गरेको ट्रिप्लीकेट सहित सम्बन्धित परीक्षा केन्द्रमा पठाइनेछ।ट्रिप्लीकेट परीक्षा व्यवस्थापन कार्यालयको वेभसाइटमा समेत अपलोड गरिनेछ।विद्यार्थीहरुले आफ्नो सङ्केत नम्बर (Symbol Number) सम्बन्धित परीक्षा केन्द्र मार्फत वा परीक्षा व्यवस्थापन कार्यालयको वेभसाइटबाट राम्रोसँग टिपोट गरी आवश्यकता अनुसार प्रयोग गर्नुपर्नेछ ।

५. परीक्षा व्यवस्थापन कार्यालयले तयार पारेको प्रवेश-पत्र ई-कपी सम्बन्धित परीक्षा केन्द्रमा पठाइने छ।सो कपी विद्यार्थीको अधिकारिक वा व्यक्तिगत इमेल ठेगानामा परीक्षा सन्चालन समितिले परीक्षा शुरु हुनु भन्दा कम्तिमा तीन दिन अगावै पठाइसक्नु पर्नेछ ।

## परिच्छेद-३

## प्रश्नपत्र सम्बन्धी व्यवस्था :

वैकल्पिक विधिबाट लिइने परीक्षाका प्रश्नपत्रहरूको ढाँचा देहायबमोजिम हुनेछ :

१. वैकल्पिक विधिबाट लिइने परीक्षा वस्तुगत, विषयगत र समस्या समधानमा आधारित (Objective, Subjective and Problem-Solving Based) तीन प्रकृतिका प्रश्नहरू  हुनेछन।यस्ता प्रश्नहरूले सम्बन्धित बिषयको सम्पूर्ण पाठ्यभारलाई समेटी विद्यार्थीले हासिल गरेको ज्ञानलाई व्यावहारिक ढङ्गले मापन गर्ने गरी ज्ञानमूलक, विश्लेषणत्मक, अनुसन्धानात्मक, समीक्षात्मक, समस्या-समाधानमूलक र सिर्जनात्मक प्रश्नहरू सोधिने छ ।

२. तोकिएका मिश्रित प्रश्नहरू समावेश भएका प्रश्न पत्रहरू २० भन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यार्थीहरूको हकमा एक सेट र सोभन्दा माथिको विद्यार्थी सङ्ख्या भएको विषयको हकमा दुई सेट बनाइनेछ ।

३. प्राश्निकले प्राविधिक विषयहरुको प्रश्नपत्र निर्माण गर्दा विद्यार्थीहरुले जान्नुपर्ने प्राविधिक ज्ञान र सीपको परीक्षण हुने खालका प्रश्नपत्रहरु निर्माण गर्नुपर्नेछ ।

४. प्राश्निकले प्रश्न निर्माण गर्दा ज्ञानको उच्च तहतिर (Higher Order of Thinking) परिलक्षित गरी निर्माण गर्नुपर्नेछ।

वैकल्पिक विधिद्वारा लिइने परीक्षा ६० पूर्णाङ्कको हुनेछ र प्रश्नपत्रको अङ्कविभाजन र प्रकृति देहायबमोजिम हुनेछ :

| सि.न. | प्रश्नका किसिम | सङ्ख्या | अङ्कभार | प्रश्नका आधार | प्रश्नका प्रकृति |
|---|---|---|---|---|---|
| १ | Multiple Choice Questions (बहुवैकल्पिक प्रश्न) | १० | प्रति प्रश्न १ अङ्कभार (१०) | Knowledge Based (ज्ञानमूलक) | Objective (बस्तुगत) |
| २ | Short Questions (छोटा प्रश्न) | ५ | ५ मध्ये ४ ओटा प्रश्नको उत्तर लेख्ने प्रति प्रश्न ५ अङकभार (२०) | Analytical (विश्लेषणत्मक)<br>Critical (समीक्षात्मक)<br>Creative (सिर्जनात्मक) | Subjective (बिषयगत) |
| ३ | Long Questions (लामा प्रश्न) | ३ | ३ मध्ये २ ओटा प्रश्नको उत्तर लेख्ने प्रति प्रश्न १५ अङ्कभार (३०) | Research-Based (अनुसन्धानात्मक)<br>Problem- Solving Based (समस्या समधानमा आधारित) | Problem-Solving Based (समस्या समधानमा आधारित) |

५. वैकल्पिक विधिद्वारा लिइने परीक्षाको विश्वसनीयता, प्राज्ञिक विशिष्टता र वस्तुनिष्ठ मान्यता कायम गर्ने गरी विषयगत पाठ्यभारका आधारमा प्रश्नपत्र परिमार्जन गरिने छ। प्रश्न परिमार्जकले परीक्षा व्यवस्थापन कार्यालयले तोकेको मापदण्ड अनुरूप प्रश्नपत्र परिमार्जन गर्नुपर्नेछ।

## परिच्छेद -४

## प्रयोगात्मक र आन्तरिक परीक्षा सम्बन्धी व्यवस्था :

१. मध्य-पश्चिमाञ्चल विश्वविद्यालयका विभिन्न शैक्षिक निकायमा सञ्चालन हुने प्रयोगात्मक परीक्षाको हकमा शैक्षिक संस्थाले अनुकूल समयमा वा सेमेस्टरको परीक्षा सकिए पछि आवश्यक सामाजिक दुरी

कायम राख्दै स्वास्थ्य सम्बन्धी आवश्यक मापदण्ड अपनाई प्रयोगात्मक परीक्षा सम्पन्न गरेर विद्यार्थीको मूल्यांकन परीक्षा व्यवस्थापन कार्यालयमा पठाउनुपर्नेछ।

२. आन्तरिक परीक्षाको गुणस्तर र विश्वसनीयता कायम गर्ने तथा यसको व्यवस्थापन, सञ्चालन, मूल्याङ्कन लगायत सम्पूर्ण कार्यहरु गर्न सम्बन्धित शैक्षिक संस्थालाई साबिक कै व्यबस्था बमोजिम जिम्मेवारी प्रदान गरिएको छ।

३. प्रत्येक शैक्षिक संस्थाले आन्तरिक मूल्याङ्कनको प्राप्तअङ्क विद्यार्थीको परिक्षा आवेदन फारमसँगै पठाउनुपर्नेछ।

## परिच्छेद -५

## उत्तरपुस्तिकाको ढाँचा र परीक्षाको समय सीमा सम्बन्धी व्यवस्था :

वैकल्पिक विधिबाट सञ्चालन हुने परीक्षाको उत्तरपुस्तिकाको ढाँचा र समयसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

१. विद्यार्थीले लेख्ने उत्तरपुस्तिका A4 साइजको सादा पेपर वा सोही साइजको लाइनिङ कागज प्रयोग गर्नुपर्नेछ।

२. विद्यार्थीले प्राप्त गरेको सुरुको पृष्ठ (Cover Page) मा भर्नुपर्ने सम्पूर्ण विवरण अनिवार्य भर्नुपर्नेछ।

३. विद्यार्थीले उत्तरपुस्तिकाको प्रत्येक पानाको अन्तिम भागमा पेज नम्बर अनिवार्य लेख्नुपर्नेछ।

४. विद्यार्थीले उत्तरपुस्तिकामा लेख्दा सुरुको पृष्ठ (Cover Page) मा तोकिए बमोजिमको मार्जिन छोडेको हुनुपर्नेछ।

५. उत्तरपुस्तिकामा उत्तर लेख्दा कालो मसी अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ।

६. विद्यार्थीको उत्तरपुस्तिका स्वयंको हस्तलिखित हुनुपर्नेछ।

७. विद्यार्थीले अनिवार्य रूपमा उत्तरपुस्तिकामा सबै प्रश्नहरू सारेर उत्तर लेख्नुपर्नेछ।

८. स्नातक र स्नातकोत्तर दुवै तहमा नियमित र आंशिक परीक्षा दिने विद्यार्थीका लागि ८ घन्टाको समय सीमा निर्धारण गरिएको छ।विद्यार्थीका लागि उत्तरलेख्ने समय ६ घण्टा र प्रश्नपत्र डाउनलोड गर्ने, उत्तरपुस्तिका प्रष्ट बुझिने गरी स्क्यान गर्ने, PDF फाइलमा रूपान्तरण गर्ने र परीक्षा केन्द्रमा अपलोड गर्ने समय २ घण्टा गरि विद्यार्थीले निधारित समय सिमा भित्र सबै कार्यहरू सम्पन गरिसक्नु पर्नेछ।

९. निर्धारित समय सीमाभित्र परीक्षा केन्द्रको आधिकारिक इमेलमा विद्यार्थीले उत्तरपुस्तिका पठाउन नसके विद्यार्थी स्वयम् जिम्मेवार हुनेछन।

१०. परीक्षा प्रारम्भ हुने समय परीक्षा व्यवस्थापन कार्यालयले निर्धारण गरे अनुरुप हुनेछ।

**परिच्छेद–६**

**उत्तरपुस्तिका मूल्याङ्कन सम्बन्धी व्यवस्था :**

विद्यार्थीको उत्तरपुस्तिकाको मूल्याङ्कन प्रक्रियामा हुने उत्तरपुस्तिकाको Coding, Decoding, परीक्षण तथा सम्परीक्षण र पुनर्योग सम्बन्धी सम्पूर्ण कार्यहरु परीक्षा व्यबस्थापन कार्यालयको विद्यमान व्यवस्था बमोजिम हुनेछन्।

**परिच्छेद –७**

**परीक्षा आचारसंहिता सम्बन्धी व्यवस्था :**

मध्य-पश्चिमाञ्चल विश्वविद्यालय सङ्गठन र शैक्षिक प्रशासन नियमावली २०६९ को नियम १२६ र मध्य-पश्चिमाञ्चल विश्वविद्यालय शिक्षक–कर्मचारी नियमावली २०६९ को नियम ६६ मा तोकिएको आचारसंहिताहरूका अतिरिक्त परीक्षा व्यवस्थापन कार्यलयद्वारा सञ्चालन गरिने वैकल्पिक विधिको सत्रान्त परीक्षालाई मर्यादित र विश्वसनीय बनाउनका लागि देहायबमोजिमको आचारसंहिता सम्बन्धित सबै शिक्षक, कर्मचारी र विद्यार्थीहरुले पालना गर्नुपर्नेछ:

१. सबै परीक्षार्थीहरुले व्यक्तिको गोपनीयताको हकको पालना गर्नुका साथै लिखित या मौखिक रूपमा परीक्षासँग सम्बन्धित सामग्रीहरु साटफेर गर्ने, फेसबुकलगायत अन्य सामाजिक सञ्जालका माध्यमबाट हेराफेरी गर्न पाइनेछैन।

२. परीक्षाका लागि आवश्यक विद्युतीय उपकरण तथा अन्य स्टेसनरी लगायतका सामग्रीहरूको सुनिश्चितता तथा व्यवस्थापन विद्यार्थी स्वयंले गर्नुपर्नेछ।त्यस्ता उपकरणको उपलब्धता नभई परीक्षा छुट्न गएमा विद्यार्थी स्वयम् जिम्मेवार हुनेछन।

३. विद्यार्थीले उत्तर लेख्दा आफूले हासिल गरेको ज्ञान र सीपलाई सिर्जनात्मक ढङ्गले प्रश्न अनुरूप प्रस्तुत नगरी सामूहिक चोरी (Collaborative Fraud) गरि दुई वा दुई भन्दा बढी विद्यार्थीहरूले लेखेको उत्तर एक-आपसमा हु-बहु मिल्न गएमा वा अरूलाई उत्तर लेखाउने (Impersonation) कार्य परीक्षाको नियम बिपरित मानिनेछ।

४. विद्यार्थीले विषयगत परीक्षाको उत्तर लेख्दा अन्य व्यक्तिले लेखेका अभिव्यक्तिहरू सन्दर्भ स्रोत नखुलाई नक्कल गरेको कार्य बौद्धिक चोरी (Plagiarism) मानिनेछ।त्यस्तो कार्य विद्यार्थीले गर्न पाइने छैन।

५. अहिलेको विशेष परिस्तिथिमा सञ्चालन भएको वैकल्पिक बिधिबाट संचालन हुने परीक्षा सम्बन्धी आवश्यक सूचना सम्प्रेषण गर्ने र यसलाई मर्यादित र व्यवस्थित रूपले सम्पन्न गर्न सम्पूर्ण विश्वविद्यालय पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीको नैतिक जिम्मेवारी हुनेछ।

६. परिक्षा सन्चालन समितिले विद्यार्थीको परीक्षाफल प्रकाशन नभए सम्म परीक्षा सँग सम्बन्धीत सम्पूर्ण गतिविधिहरूको गोपनियता कायम गर्नु पर्ने छ।

## परिच्छेद –८

## पारिश्रमिक सम्बन्धी व्यवस्था :

बैकल्पिक विधिबाट संचालन हुने परीक्षामा प्रत्यक्ष संग्लन भई परिक्षा सम्बन्धी कार्य सम्पादन गर्ने बिभिन्न समिती तथा निकायका पदाधिकारीहरुलाई देहाय बमोजिमको पारिश्रामिकको व्यबस्था गरिएको छ:

१. वैकल्पिक विधिबाट लिइने परीक्षा सन्चालन समितिलाई परीक्षाको समय तालिका अनुसार सञ्चालन गराए बापत देहायबमोजिमको पारिश्रमिकको व्यवस्था गरिनेछ :

| | |
|---|---|
| परीक्षा सञ्चालन समिति संयोजक | रु. १,०००/- |
| सह-संयोजक | रु. ९००/- |
| सदस्य | रु. ७००/- |
| कर्मचारी सदस्य | रु. ६००/- |

२. समितिलाई परीक्षा सञ्चालन भएको दिन खाजा खर्चबापत दैनिक प्रतिव्यक्ति रु.१५०/- का दरले प्रदान गरिनेछ।

३. यसरी गठित परीक्षा सन्चालन समितिले आ-आफ्नो परीक्षा केन्द्रमा एक जना कार्यालय सहयोगीको प्रयोग गर्न सक्नेछ।उक्त कार्य गराएबापत परीक्षा सञ्चालन भएको दिन रु.४००/- पारिश्रामिक उपलब्ध गराइनेछ।

४. परिक्षा ब्यबस्थापन कार्यलयमा कार्यरत पदाधिकारीलाई परिक्षा संचालन भएको दिन प्रमुखलाई रु. १२००/- र सह-प्रमुखलाई रु.११००/- का दरले पारिश्रमिकको ब्यबस्था गरिने छ।

५. परीक्षा सञ्चालन प्रक्रियामा सहभागी प्रश्नपत्र निर्माणकर्ता (Question-Setter) परिमार्जनकर्ता (Moderator), उत्तरपुस्तिका परीक्षक (Examiner) र सम्परीक्षक (Scrutinizer) हरूको पारिश्रमिक परीक्षा व्यवस्थापन कार्यालयको नियमानुसार प्रदान गरिनेछ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

## परिच्छेद –९
## विविध :

१. विद्यार्थीले लेखेको उत्तरपुस्तिकाको ओरिजनल कपी गोपनीयताका साथ राख्ने जिम्मेवारी स्वयम् विद्यार्थीको हुनेछ।यदि कसैले उक्त उत्तरपुस्तिकाको गोपनीयता भङ्ग गरेमा नियमानुसार कारबाही गरिनेछ।

२. विद्यार्थीको उत्तर पुस्तिकामा परिच्छेद ७ को नियम ३ र ४ बमोजिमको परीक्षाको नियम बिपरितको कार्य गरेको पाइएमा उत्तरपुस्तिका परीक्षकले त्यस्ता उत्तरपुस्तिकालाई आवश्यक कारबाहीका लागि मध्य-पश्चिमाञ्चल बिश्वबिद्यालय मूल परीक्षा समितिमा शिफारिस गर्न परीक्षा व्यवस्थापन कार्यालयमा छुटै पेस गर्नेछ।मूल समितिले परीक्षाको नियम बिपरित उत्तरपुस्तिका लेखेको पाइएमा त्यस्ता उत्तरपुस्तिका रद्द गर्नेछ।

३. वैकल्पिक विधिबाट सञ्चालन गरिएको परीक्षाको परीक्षाफल प्रकाशन सम्बन्धी सम्पूर्ण प्रक्रिया परीक्षा व्यवस्थापन कार्यालयको विद्यमान व्यवस्था अनुसार हुनेछ।

***

मध्य-पश्चिमाञ्चल विश्वविद्यालय